# रेसुङ्गानगरपालिका

## आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७५

# रेसुङ्गानगरपालिका

नगर कार्यपालिकाबाटपारित मिति:२०७५/०४/०२

# आकस्मिक कोष संचालनतथाव्यवस्थापनकार्यविधि-२०७५

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा७० बमोजिम यस रेसुङ्गानगरपालिकाको स्थानीय संचित कोष बाट केहि रकमविनियोवनगरिआकस्मिक कोषको स्थापनागरि स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस नगरकार्यपालिकाले आफ्नोअधिकार क्षेत्र भित्रप्राकृतिकतथा गैर प्राकृतिकविपद, अत्यन्तै न्युनआर्थिक स्थितिभएकादीर्घरोगीजस्तै मुटु, मृगौला, क्यान्सरलगायतकामानवजीवनमा असर पार्नेतथाअप्रत्याशित कारणबाट सृजनाभएको विशेष परिस्थितिलाईनियन्त्रणगर्न एक आकस्मिक कोष वाञ्छनिय यो कार्यविधितर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्तनाम र प्रारम्भ

### १. संक्षिप्तनाम र प्रारम्भ

१.१ यस कार्यविधिको नामआकस्मिक कोष संचालनतथाव्यवस्थापनकार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधिराजपत्रमाप्रकाशितभएको मितिबाटलागु हुनेछ ।

### २. परिभाषा

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधिभन्नाले आकस्मिक कोष संचालनतथाव्यवस्थापनकार्यविधि २०७५भन्ने बुझ्नुपर्छ ।

ख. कोषभन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिकाभन्नाले नगरकार्यपालिकाभन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिककार्य भन्नाले भूकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ताप्राकृतिकतथा गैर प्राकृतिकविपदलगायतमानवीयजिवनमादीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्तादीर्घरोग बाटपिडितव्यक्तिहरुको लागितत्कालगरिने आकस्मिककार्यलाई बुझ्नुपर्छ ।

### ३. कोष स्थापना

३.१ आकस्मिक कोष संचालनतथाव्यवस्थापननाम गरेको एक कोषको स्थापनाहुनेछ ।

### ४. आकस्मिक कोषमाजम्मागरिएको रकम

४.१ नगरपालिकाको संचित कोष बाटआकस्मिक कोषमारकमजम्मागरिने छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य

### ५. अवधारणा

रेसुङ्गानगरपालिकामाहुने सबै प्रकारका प्राकृतिकतथामानव सृर्जित विपदबाटप्रभावितव्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युनआर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायतअप्रत्याशीतघटनामापनिअंगभंगभएकाहरुलाई पहिचानगरि राहत सहयोग पु-याउन कोषको स्थापनागरिनेछ ।

### ६. लक्ष्य

प्राकृतिकतथामानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्नदीर्घरोगीहरु, अंगभंगभएकाहरुलाई तत्कालराहत सहयोग पु-याउन र अप्रत्याशीतस्थितिमागरिने कार्यहरु गरिमानवीयक्षतिमाकमील्याउनु नै कोषको लक्ष्य रहेको छ।

### ७. उद्देश्य

७.१ विपदपिडितहरुलाई तत्काल राहतउपलब्ध गराउने,

७.२ आकस्मिकवाअप्रत्याशित कारणबाट सृजनाभएको विशेष परिस्थितिमातत्कालगरिने आकस्मिककार्य गर्ने,

## परिच्छेद ३

## कोषको व्यवस्थापनतथा संचालन सम्बन्धीव्यवस्था

### ८. कोषको व्यवस्थापनतथा संचालन सम्बन्धीव्यवस्था

८.१. बुदा नं. २ (घ) मा परिभाषितआकस्मिककार्य बाहेक अन्यप्रयोजनकालागि यस कोष बाट रकमखर्च गर्न सकिने छैन ।

(८.२) आकस्मिक कोषमा देहायको रकमजम्मागरिनेछ :-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाटआकस्मिक कोषको लागिप्राप्तअनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाटआकस्मिककार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत)को लागिप्राप्त सहयोग वाअनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिकप्रकोप पीडितको उद्धार, राहततथापुर्नस्थापनाको लागिप्राप्तजुनसुकै रकम,

(८.३) कोषको संचालनप्रमुखप्रशासकीयअधिकृत र लेखाप्रमुखको संयुक्तदस्तखतबाटहुनेछ ।

(८.४) आकस्मीक कोष सम्बन्धीअन्यव्यवस्थानगर कार्यपालिकाले तोके बमोजिमहुनेछ ।

## परिच्छेद ४

## विविध

### ९. आकस्मिक कोषको रकम बृद्धिगर्न सक्ने

नगरपालिकाले नगरसभाबाट स्वीकृत गराइआकस्मिक कोषमा रहने रकममाआवश्यकताअनुसार बृद्धि गराउन सक्नेछ ।

### १०. जाँचपास तथा फरफारक

कोष बाटखर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलितकानूनबमोजिमहुनेछ ।

### ११. कार्यविधिको संशोधन

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधनगर्नेछ ।

### १२. बचाउ र खारेजी

क) यस कार्यविधिमाव्यवस्थाभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीयतहको आर्थिक प्रशासन सम्बन्धीप्रचलितकानुन सँग बाझिनगएमाबाझिएको हकमा स्वतखारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालनहुननसकेमानगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्तितथादायित्वनगरकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।